प्रदेश सरकार
लुम्बिनी प्रदेश

☎ : ०७१-५५०६३०
☎ : ०७१-५४००१४
☎ : ०७१-५५०६१०

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(शासकीय सुधार तथा समन्वय महाशाखा)

मुकाम: बुटवल, नेपाल

पत्र संख्या:-०७८/७९
च.नः- शा.सु./ २०८

मितिः२०७९।०१।०८

विषयः सूचना अपलोड गर्ने सम्बन्धमा ।

श्रीमान् सचिवज्यू,
सबै मन्त्रालय, लुम्बिनी प्रदेश ।

प्रस्तुत विषयमा प्रदेश सरकारका गतिविधि तथा सेवा प्रवाहका सम्बन्धमा प्रदेशवासी लगायत सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी लिनुका साथै कुनै गुनासो भएमा सम्प्रेषणमा समेत सहज होस भन्ने उद्देश्यले यस कार्यालयमा **हेलो मुख्यमन्त्री** कक्षको स्थापना गरी दैनिक १४ घण्टा सञ्चालनमा ल्याइएको छ ।सो कक्ष सञ्चालनको जानकारी सर्वसाधारण समक्ष पुऱ्याउनको लागि यसैसाथ संलग्न सूचना मन्त्रालयको वेवसाइट मा अपलोड गर्नुका साथै सूचना पाटीमा समेत टाँस गर्ने व्यवस्थाका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७९।०१।०८
..................
नारायण अर्याल
अधिकृत सातौं

प्रदेश सरकार
लुम्बिनी प्रदेश
☎ : ०७१-५५०६३०
☎ : ०७१-५४००१४
☎ : ०७१-५५०६१०

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(शासकीय सुधार तथा समन्वय महाशाखा)
मुकाम बुटवल, नेपाल

पत्र संख्याः-०७८/७९
च.नः- शा.सु./

मितिः२०७९।०१।०८

## हेलो मुख्यमन्त्री कक्ष सञ्चालन सम्बन्धी सूचना

प्रदेश सरकारका गतिविधि तथा सेवा प्रवाहका सम्बन्धमा कुनै गुनासो, सूचना, जानकारी सम्प्रेषण गर्न/प्राप्त गर्न सहज होस् भन्ने उद्देश्यले यस कार्यालयको वार्षिक कार्यक्रम अनुसार यसै कार्यालयमा हेलो मुख्यमन्त्री कक्षको स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।प्रदेश सरकार र प्रदेशवासीहरुका बिचमा सूचना आदान प्रदानमा सहजता ल्याउनको लागि दैनिक १४ घण्टा (विहान ६ बजेदेखि साँझ ८ बजे सम्म) सञ्चालन गर्ने गरी कक्षको स्थापना गरिएको छ ।त्यसैले कक्षमा व्यवस्था गरिएका देहाय बमोजिमका माध्यमहरुबाट प्रदेश सरकारसँग जोडिनु हुन इच्छुक प्रदेशवासी लगायत सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना सम्प्रेषणका माध्यमहरुः**

टोल फ्रि नंः१६६०७१५२००७

ल्याण्ड लाइन टेलिफोन नं.०७१-५३५८०६

इमेल ठेगानाःhellocmlumbini@gmail.com

फेसबुक पेजःHello CM Lumbini

मोबाइल नं.९८५७०८६४२८